ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 04.09.2024

## प्रधान वर्कसप

केन्द्रीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले भन्नुभएको छ भारतको सबैभन्दा ठूलो शक्ति देशका युवा हुन्।

नयाँ दिल्लीमा आज संस्थागत विकास योजनामाथि एउटा कार्यशालाई सम्वोधन गर्दै श्री प्रधानले भन्नुभयो भारतीय उच्च शिक्षा संस्थानहरूलाई एउटा सुदृढ पारिस्थितिको तन्त्र प्रदान गर्ने आवश्यकता छ जहाँ डिग्री प्रदान गर्नुको साटो योग्यतालाई प्राथमिकता दिइन्छ।

विश्वविद्यालय अनुदान आयोग यूजीसी र संस्थानहरूलाई सँगसँग अघि बढाउने विषयमाथि चर्चा गर्दै मन्त्रीले भन्नुभयो- यूजीसीलाई केवल एउटा नियामकको रूपमा होइन तर सुविधा प्रदाताको रूपमा पनि हेर्नुपर्छ।

श्री प्रधानले उच्च शिक्षाका लागि विभिन्न नियमहरू विनियम र अधिसूचनाहरूलाई प्रस्तुत गर्ने यूजीसी विनियमहरूका सार संग्रहको शुभारम्भ गर्नुभयो।

## (एसआईसियुएन)SICUN स्वेरिङ इन

श्री मंगलजीत राई सिक्किम राज्य सहकारी संघ सिकनका अध्यक्ष हुनुभएको छ।

पाकिम जिल्ला अन्तर्गत आसाम लिङजेमा अवस्थित सिकनको सभाकक्षमा आज श्री राई, उपाध्यक्ष श्री पूर्ण प्रसाद शर्मा र निर्देशक सण्डलीका

आठजना नवनिर्विचित सदस्यहरूलाई सहकारिता विभागकी सचिव श्रीमति ग्लोरिया नाम्चुले शपथ ग्रहण गराउनुभयो।

सिक्किम राज्यका सहकारी संस्थानहरूको युनियन सिकनको स्थापना 2002 सालमा भएदेखि यता निर्वाचित कार्यकारी सदस्यहरूले शपथ लिएको यो पहिलोपटक हो।

सघको पाँचौं कार्यकारी समितिको चुनाउ गत सात अगस्तमा भएको थियो र सताइस अगस्तका दिन बसेको निर्देशक मण्डलीको बैठकले नयाँ अध्यक्षता उपाध्यक्ष र अन्य सदस्यहरूको चयन गरेको थियो।

शपथ ग्रहणपछि कार्यक्रममा बोल्दै नवनियुक्त अध्यक्ष श्री मंगलजीत राईले सिक्किम राज्य सहकारी संघ, मुख्यमन्त्री श्री प्रेमसिंह तामङको परिकाल्पना सुनौलो अनि समृद्ध सिक्किम निर्माणमा एउटा प्रमुख माध्यम बन्नसक्ने कुरो बताउनुभयो।

उहाँले संस्थानलाई आर्थिक रूपमा सबल बनाउनुपर्ने आवश्यकतामाथि जोड़ दिनुभयो।

पछि समारोहलाई मुख्य अतिथिको रूपमा सम्बोधन गर्दै सहकारी मन्त्र श्री अरूण उप्रेतीले आश्वासन दिनुभए अनुसार नवनिर्वाचित अध्यक्षले प्रस्तुत गर्नुभएको मांगहरूलाई विभागसमक्ष औपचारिक रूपमा ल्याइएको खण्डमा आवश्यक कार्यवाही गरिनेछ।

उहाँले नयाँ कोर्यकारी समितिको नेतृत्वमा सिकनले राज्यमा सहकारिता अभियानलाई अघि बढ़ाउन थप टेवा दिने विश्वास व्यक्त गर्नुभएको छ।

## मिटिङ ठाकुरवाड़ी मन्दिर

गान्तोकका जिल्लाधीश श्री तुषार निखरेले आज जिल्ला प्रशासनिक केन्द्रमा ठाकुरवाड़ी मन्दिर समितिको आम बैठकको अध्यक्षता गर्नुभयो।

यसमा अप्पर एम जी मार्गका कार्यकारी पार्षद श्री सन्दीप मालु, अन्य अधिकारीहरू र नेपाली समाज, मारवाड़ी समाज र विहारी समुदायका प्रतिनिधिहरू उपस्थित थिए।

बैठकमा समितिका सदस्यहरू, प्रत्येक समुदायका पाँजना प्रतिनिधिहरूका नामको प्रस्ताव राखियो। उनीहरू कार्यकारी प्रबन्धन समितका सदस्यहरू चयन गर्नका लागि उत्तरदायी हुनेछन्।

यसमा सर्वसमतिले निर्णय लिइए अनुसार एघार सितम्बरसम्ममा संघका अनुच्छेद र ज्ञापनपत्रलाई अन्तिम रूप दिनुपर्नेछ।

## लिगल अवेर्नेस प्रोग्राम

उत्तर सिक्किमको मंगनमा आज मिशन शक्ति अभियान अन्तर्गत कानुनी जागरूकता कार्यक्रम आयोजित भयो।

मिशन शक्तिका लागि सय दिवसीय विशेष जागरूकता अभियान र नामाङ्कन अभियान अन्तर्गत जिल्ला प्रशासन, महिला सशक्तिकरणका निम्ति जिल्ला केन्द्र DHEW one stop Centre र महिला हेल्पलाइनद्वारा मंगन सरकारी कन्या उच्चतर माध्यमिक विद्यालयमा आयोजना गरिएको कार्यक्रमको उदेश्य विद्यार्थीहरूलाई उनीहरूको कानुनी अधिकार तथा कर्तव्यबारे जानकारी दिनु र कानुनी साक्षरताका लागि प्रोत्साहित गर्नु थियो।

आफ्नो वक्तव्यमा महिला तथा बाल विकास विभागकी समाज  कल्याण अधिकारी सुश्री छोडेन भुटियाले सम्बैधानिक  अधिकार तथा कर्तव्य र महिला अधिकारीबारे विद्यार्थीहरूलाई अवगत गराउन कार्यक्रम आयोजन गरिएको कुरो बताउनुभयो।

कार्यक्रममा मिशन वात्सल्य योजना, बाल यौन अपराध सुरक्षा पिओसिएसओ ऐन, चाल्ड हेल्पलाइन र राष्ट्रव्यापी मानसिक स्वास्थ्य सेवा टोल- मानस जस्ता विभिन्न कानुनी प्रावधानहरूबारे प्रकाश पारियो।

एसएसआर ओरेन्टेसन प्रोग्राम

फोटोयुक्त मतदाता परिचय पत्रको  विशेष संक्षिप्त संशोधन सम्वन्धमा राजनीतिक पार्टीहरूका लागि कार्यमूलक  कार्यक्रम आज सोरेङमा आयोजित भयो।

यसको अध्यक्षता गर्दै सोरेङका जिल्लाधीश तथा जिल्ला निर्वाचन अधिकारी श्री धीरज सुवेदीले 2024 देखि 2025 सम्म दुई चरणमा गरिने विशेष संक्षिप्त सशोधन प्रक्रियाबारे विस्तृत जानकारी दिनुभयो र भन्नुभयो यसका लागि मुख्य योग्यता तिथि पहिलो जनवरी, पहिलो  अप्रेल, पहिलो जुलाई र अक्तुवर महीनाको पहिलो तारीक रहनेछ।

मतदाता सूचीमा नाम हटाउने लगायत विभिन्न प्रक्रियाबारे अवगत गराउँदै उहाँले घर घर सर्वेक्षणका बेला मतदान केन्द्र स्तरीय अधिकारीहरूको कर्तव्यको पनि उल्लेख गर्नुभयो।

कार्यक्रममा राजनीतिक पार्टीका प्रतिनिधिहरूको जिज्ञासाको पनि निवारण गरियो।

यसअघि अतिरिक्त जिल्लाधीशले विशेष संक्षिप्त संशोधनको महत्वबारे र उदेश्यबारे अवगत गराउनुभयो।

## टिचिङ गाइडिङ सिस्टम

शिक्षा विभागको तत्वावधानमा पाकिम जिल्लामा हिजो शिक्षक अभिभावक प्रणालीमाथि कार्यमूलक कार्यक्रम आयोजन गरियो।

पाकिम जिल्लाको जिल्ला परियोजना कार्यालय समग्र शिक्षाद्वारा आयोजनत यो कार्यक्रम समग्र शिक्षाद्वारा आयोजित यो कार्यक्रम विद्यार्थीहरूको कल्याण र शैक्षक परिणामका निम्ति नवोन्मेषी पहल हो।

व्यक्तिगत सहयोग र विद्यार्थीहरूलाई निकटबाट प्रोत्साहन दिएर शिक्षक अनि विद्यार्थीवीचको सम्वन्धलाई सुदृढ बनाउनु कार्यक्रमको उदेश्य रहेको छ।

यसमा विद्यार्थीहरूको सर्वाङ्गीत विकासका उपायहरूबारे प्रकाश पारियो।